म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २१७ मंगलबार, १० चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 24 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा 'एक्सपेरियन्स टोयोटा' कार्यक्रम हुँदै

हेटौंडा, ९ चैत/युनाइटेड ट्रेडर्स सिन्डिकेटले हेटौंडामा 'एक्सपेरियन्स टोयोटा' नामक विशेष टेस्ट ड्राइभ तथा एक्सचेन्ज कार्यक्रम आयोजना गर्ने भएको छ । कार्यक्रम चैत १२, १३ र १४ गतेसम्म मेनरोडस्थित कफीबारमा सञ्चालन हुनेछ । कार्यक्रममा सहभागी हुने ग्राहकले टोयोटाका विभिन्न मोडेलका गाडी नजिकबाट अवलोकन गर्नुकासाथै टेस्ट ड्राइभ गर्ने अवसर पाउनेछन् । आयोजकका अनुसार टेस्ट ड्राइभमा सहभागी हुनेहरुका लागि आकर्षक उपहारको व्यवस्था गरिएको छ । पुरानो गाडी साटेर नयाँ टोयोटा खरिद गर्न चाहने ग्राहकका लागि विशेष एक्सचेन्ज बोनस उपलब्ध गराइने बताइएको छ । गाडी खरिद गर्दा फ्रि इन्स्योरेन्स, अतिरिक्त एसेसरिज, बैंकिङ सुविधा र रोड ट्याक्सलगायतका आकर्षक अफरहरु पनि प्रदान गरिने जनाइएको छ । स्थानीय गाडी पारखी तथा नयाँ गाडी खरिद गर्न इच्छुक ग्राहकका लागि यो कार्यक्रम उत्कृष्ट अवसर हुने आयोजकले जनाएको छ ।

# एक दशकमा बिपद्बाट बागमतीमा १६ हजार ६५३ परिवार प्रभावित

## १ हजार ३८ जनाको मृत्यु

साझाकुरा संवाददाता



हेटौंडा, ९ चैत/ प्राकृतिक तथा गैरप्राकृतिक विपद्का कारण बागमती प्रदेशमा एक दशकको अवधिमा साढे १६ हजार परिवार प्रभावित भएका छन् । २०७२ देखि २०८२ सम्मको अवधिमा प्रदेशभर छ हजार ८३९ विपद्का घटनामा १६ हजार ६५३ परिवार प्रभावित भएका छन् ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा आयोजित कार्यक्रममा सार्वजनिक गरेको तथ्यांकअनुसार विपद्का कारण एक हजार ३८ जनाको मृत्यु भएको छ । १८१ जना बेपत्ता र दुई हजार ३११ जना घाइते भएका छन् । यस अवधिमा पाँच हजार ८९६ आंशिक तथा चार हजार ७२७ घरमा पूर्णक्षति पुगेको छ । विपद्का कारण करिब छ अर्ब ९५ करोड ४१ लाख ७१ हजार ७१८ रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

मन्त्रालयका अधिकृत रविता कार्कीले प्रस्तुत गरेको तथ्यांकअनुसार जिल्लागतरुपमा सबैभन्दा बढी काभ्रेपलाञ्चोकमा पाँच हजार ४७८ परिवार प्रभावित भएका छन् । काठमाडौंमा दुई हजार ६७९, चितवनमा एक हजार ५८९, र सुवामा एक हजार ३११ परिवार प्रभावित भएका छन् । मकवानपुरमा ९५५, सिन्धुपाल्चोकमा ८४२, ललितपुरमा सात सय, सिन्धुलीमा ६४७, रामेछापमा ६०९, दोलखामा ४५३, नुवाकोटमा ४२९, धादिङमा ४२६ र भक्तपुरमा ५३५ परिवार प्रभावित भएका छन् ।

काठमाडौंमा एक हजार ७७८ विपद्का घटनामा ११३ जनाको मृत्यु भएको थियो । भक्तपुरमा ४५९ घटनामा १९ जनाको मृत्यु भएको छ भने ललितपुरमा छ सय घटनामा ७८ जनाले ज्यान गुमाएका छन् । त्यसैगरी मकवानपुरमा ७३५ घटनामा ११२, चितवनमा ५६३ घटनामा १४१, धादिङमा ३२६ घटनामा ९० जनाको मृत्यु भएको छ । नुवाकोटमा २९९ घटनामा ३६, रसुवामा २३० घटनामा ५३ जनाको मृत्यु भएको छ । सिन्धुपाल्चोकमा ४४१ घटनामा ११६, काभ्रेपलाञ्चोकमा ४६० घटनामा ११९, सिन्धुलीमा ३५० घटनामा ६८, रामेछापमा २५१ घटनामा ४१ र दोलखामा ३४७ घटनामा ४४ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

एक दशकको अवधिमा प्रदेशमा ९२८ पहिरोका घटनामा ४६७ जनाको मृत्यु भई छ हजार ५९२ परिवार प्रभावित भएका छन् । चार हजार २३ आगलागीका घटनामा १८० जनाको मृत्यु भएको छ भने चार हजार ९४८ परिवार प्रभावित भएका छन् । ३७२ चट्याङका घटनामा ११४ र ३४१ बाढीमा १०० जनाको मृत्यु भएको छ । जनावरका कारण ३३८ घटनामा ७३ जनाको मृत्यु भएको छ भने चार पटकको हवाई दुर्घटनामा २३ जनाले ज्यान गुमाएका छन् । भारी वर्षा, हावाहुरी, लेकलाग्ने, जंगलमा आगलागी, सर्पदंश, हिमपहिरो र ढुंगा दुर्घटनाबाट पनि मानवीय क्षति भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

मन्त्रालयले मनसुनजन्य तथा आगलागीजन्य विपत् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि १६ करोड ५७ लाख पाँच हजार रुपैयाँ लागत साझेदारी उपलब्ध गराएको जनाइएको छ । स्थानीय तहमा स्वयंसेवक समूह गठन, राहत सामग्री वितरण, क्षमता विकास तालिम, सचेतनामूलक कार्यक्रम तथा कृत्रिम अभ्यास सञ्चालन गर्दै आएको जानकारी दिइएको छ । विपद्का कारण ठूलो क्षति व्यहोर्दै आएको बागमती प्रदेशमा विपद् व्यवस्थापनका कार्य अझै चुनौतीपूर्ण देखिएका छन् ।

मन्त्रालयका अनुसार नीतिगत, प्राविधिक र व्यवस्थापकीय क्षेत्रमा समस्या देखिएको हो । मन्त्रालयका अनुसार विपद् व्यवस्थापनका लागि सबैभन्दा ठूलो अवरोध बजेट निर्माणको प्रक्रियामा देखिएको छ । वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विपद् व्यवस्थापनलाई प्राथमिकतामा नराखिने र निर्माणकार्य गर्दा विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलतालाई ध्यान नदिने प्रवृत्ति रहेको छ । मन्त्रालयकी सूचना अधिकारी कार्कीका अनुसार विपद् व्यवस्थापन प्रणाली 'प्रतिक्रियात्मक' मात्र भइरहेको र विपद् जोखिमको पूर्वआँकलन र पूर्वतयारीमा लगानी हुन सकेको छैन । घटना घटिसकेपछि गरिने प्रतिकार्यमा मात्र बढी केन्द्रित हुँदा क्षतिको मात्रा बढेको उनको भनाई छ ।

विपद् जोखिमको वित्तीय व्यवस्थापनका लागि बीमा गर्ने परिपाटीको अभाव पनि ठूलो समस्याको रुपमा देखिएको उनले बताइन् । विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने दक्षजनशक्तिको अभावले थप समस्या देखिएको उनको भनाई छ । जोखिमयुक्त क्षेत्रको पहिचान र जोखिम विश्लेषणका लागि भूगर्भविद्लगायतका प्राविधिक जनशक्ति, प्रदेशभर भएका विपद्का घटना र गरिएका कार्यको एकीकृत विवरण राख्ने प्रणाली र त्यसमा पहुँचको अभाव हुँदा कार्यसम्पादनमा समस्या भएको उनले बताइन् ।

विपद्को समयमा आवश्यक पर्ने राहत र उद्दार सामग्रीको मौज्दात तथा खाद्यान्न, गैरखाद्यान्न सामग्री र उद्दारका आधुनिक उपकरणको अभाव रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयकाअनुसार विपद् व्यवस्थापनका लागि तोकिएका विभिन्न विषयगत क्षेत्रहको क्रियाशीलतामा कमी र सरकारी निकायबीच प्रभावकारी समन्वय र सहकार्य हुन नसक्नुले व्यवस्थापनलाई थप जटिल बनाएको छ ।

# एसईईमा शून्य नतिजा प्राप्त विद्यालयसँग अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/ गतवर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा शून्य नतिजा प्राप्त भएका विद्यालयसँग नतिजा सुधारका लागि अन्तरक्रिया भएको छ ।

गतवर्ष जिल्लामा शून्य नतिजा ल्याएका ७ वटा विद्यालयसँग जिल्ला समन्वय समितिको आयोजनामा यसवर्षको एसईईको नतिजा सुधारका प्रक्रियाबारे अन्तरक्रिया भएको हो । यो वर्षको परीक्षा सुरु हुन अब ९ दिन मात्र बाँकी रहेको अवस्थामा नतिजा सुधार गर्न भएको अन्तर क्रियाले कति नतिजा सुधार होला भन्ने विषयमा आलोचना पनि भएको छ । जिल्लाको थाहा नगरपालिका-७, आग्रास्थित सुन्दरीदेवी मावि, राक्सिराङ गाउँपालिका-४ स्थित कालिका मावि, वडा नं ८ स्थित श्री मावि, वडा नं ८ कै प्रजाजगृति मावि, मनहरी गाउँपालिका-२ स्थित सीता मावि, बकैया गाउँपालिका-३ स्थित कालिका मावि र बकैया-१० स्थित प्रसिद्ध माविको गत शैक्षिक सत्रको एसईईमा शून्य नतिजा प्राप्त भएको थियो ।

ती विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकसँग अघिल्लो वर्षको नतिजाको कारणहरु, समस्या र अबको परीक्षामा सकारात्मक नतिजाका लागि चाल्नुपर्ने कदमबारे मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरी तथा जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले संयुक्तरुपमा छलफल गरेका थिए ।

छलफलका क्रममा विद्यालयले विषयगत शिक्षकको कमी, ग्रामीण क्षेत्रमा चलिरहेको बालविबाहले पनि बालबालिकालाई पढाइबाट टाढा बनाइरहेको गुनासो गरेका छन् । कार्यक्रममा सहजीकरण गर्दै प्रजिअ अधिकारीले गत वर्षको तुलनामा यसवर्ष नतिजामा सुधार ल्याउन विषयगत शिक्षकको मात्र खोजी नगरी इन्टरनेट तथा प्रविधिको प्रयोग गरेर पठनपाठनको गुणस्तर र नतिजा दुबैमा स्तरोन्नति गर्न सक्ने सुझाव दिएका छन् ।

उनले केही दिनभित्रै यी पालिकाका शिक्षा समिति तथा शिक्षा शाखासँग समन्वय गरी अन्तरक्रिया गरिने बताए । पछिल्ला वर्षहरुमा बालबालिकामा अध्ययनप्रतिको लगाव न्यून हुँदै गएको छ । ग्रामीणक्षेत्रका अभिभावकले आफ्ना नानीबाबुको पढाइका बारेमा वर्षभरिमा एकदिन पनि विद्यालयमा गएर बुझ्ने गरेका छैनन् ।

परीक्षाको नतिजा आएपछि मात्र विद्यालयको सम्पर्कमा जाने अभिभावकका बालबालिकालाई सुधार गर्न स्थानीय सरकार र वडा कार्यालयको भूमिकाको बारेमा पनि बहस हुनु जरुरी रहेको बताइएको छ ।

# २५ जना बालबालिका एकमात्र शिक्षक



साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/बौद्धिक अपाङ्गता भएका २५ जना बालबालिका एकमात्र शिक्षकको भरमा शिक्षालिन बाध्य भएका छन् ।

हेटौंडा उपमहानगरपालिका-७, कान्तिलोकपथ नजिकै रहेको शारदा प्राथमिक विद्यालयको पुरानो भवनमा सञ्चालन भइरहेको समावेशी कक्षा स्रोत अभावका कारण चुनौतीपूर्ण बनेको छ । नवज्योति माध्यमिक विद्यालयको व्यवस्थापनमा सञ्चालित यो कक्षामा विशेष आवश्यकता भएका बालबालिकालाई अक्षर चिनाउनेदेखि दैनिक जीवनमा आवश्यक व्यवहारिक सीपसम्म सिकाइँदै आएको छ । तर, एकजना शिक्षकले सबै विद्यार्थीलाई सम्हाल्नुपर्ने बाध्यता हुँदा सिकाइको प्रभावकारितामा समस्या देखिएको छ ।

कक्षामा हाल ५ वर्षदेखि २८ वर्ष उमेर समूहका विद्यार्थी अध्ययनरत छन् । फरकफरक उमेर र क्षमता भएका बालबालिकालाई एउटै कक्षामा राखेर पढाउनु पर्दा शिक्षकलाई व्यक्तिगतरुपमा ध्यानदिन कठिन हुने गरेको छ । सुरुवातमा बौद्धिक अपाङ्गता अभिभावक महासंघको चारवर्षे परियोजनामार्फत् सुरु गरिएको यो कार्यक्रम, परियोजना सकिएपछि पनि उपमहानगरपालिकाको सहयोगमा निरन्तरता पाउँदै आएको हो । कक्षा सञ्चालनका लागि हेटौंडा उपमहानगरपालिकाले वार्षिक करिब ११ लाख रुपैयाँ सहयोग गर्दै आएको छ ।

यद्यपि, आवश्यक शिक्षण सामग्री, भवन अभाव तथा पर्याप्त जनशक्तिको अभावले समावेशी शिक्षा प्रभावकारी बनाउन चुनौती थपिएको शिक्षिका सुजिता कार्कीले बताइन् । बौद्धिक अपाङ्गता भएका बालबालिकालाई शिक्षा दिनु राज्यको दायित्व भएपनि व्यवहारमा अझै पर्याप्त स्रोत, जनशक्ति र प्राथमिकता नपुगेको सरोकारवालाको गुनासो छ । समावेशी शिक्षालाई प्रभावकारी बनाउन थप लगानी, दक्ष जनशक्ति र उपयुक्त पूर्वाधारको आवश्यकता देखिएको छ ।

# बागमतीका मुख्यमन्त्रीसँग नाडा प्रतिनिधिमण्डलको भेट



साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/ अटोमोवाइल्स एसोसिएसन अफ नेपाल (नाडा) का अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँसँग भेटघाट गरी अटोमोवाइल क्षेत्रसँग सम्बन्धित विविध विषयमा विस्तृत छलफल गरेको छ ।

भेटकाक्रममा मुख्यमन्त्री बानियाँले अध्यक्ष उप्रेतीको नेतृत्वमा नाडाको नयाँ केन्द्रीय कार्यसमिति गठन भएकोमा बधाई तथा शुभकामना व्यक्त गर्दै कार्यकाल सफलताको कामना गरे । उनले नाडाले विगत ५० वर्षदेखि अटोमोवाइल क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्दै संस्थाको प्रशंसा गरे । छलफलका क्रममा बागमती प्रदेशमा देशका करिब ५० प्रतिशत सवारी साधन दर्ता हुने सन्दर्भ उल्लेख गर्दै राजधानीक्षेत्रमा ट्राफिक व्यवस्थापन र पार्किङजस्ता समस्या समाधान गर्न प्रदेश सरकार र नाडाबीच सहकार्य आवश्यक रहेको धारणा मुख्यमन्त्री बानियाँले राखे ।

आवश्यक जनशक्ति उत्पादन, रोजगारी सिर्जना तथा सवारीसाधनका लागि ट्रायल सेन्टर स्थापना गर्न पनि सहकार्य गर्न सकिने उनले बताए । नाडाका अध्यक्ष उप्रेतीले नाडामा ७ वटा प्रदेशसहित २ हजार ८ सय भन्दा बढी सदस्य कम्पनी आबद्ध रहेको जानकारी दिँदै नेपालको अटोमोवाइल क्षेत्रमा एक खर्ब रुपैयाँभन्दा बढी निजी क्षेत्रको लगानी रहेको बताए । उनले वार्षिक रुपमा करिब ५ हजार जनशक्तिको आवश्यकता पर्ने जानकारी गराए ।

उनले बागमती प्रदेश सरकारसँग सहकार्य गर्न सकिने विभिन्न क्षेत्र पहिचान गरी मोडालिटी तयार पारेर प्रस्ताव पेश गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा नाडाका निवर्तमान अध्यक्ष करण चौधरीले अटोमोवाइल क्षेत्रले देशको प्रतिभा पलायन रोक्न योगदान दिइरहेको उल्लेख गर्दै सीपमूलक तालिम कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए । उनले प्रदेश सरकारसँग सहकार्य गर्दै यस क्षेत्रलाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याए ।

नाडाका विशिष्ट सल्लाहकार राजनबाबु श्रेष्ठले अटोमोवाइल क्षेत्रमा तीव्ररुपमा भइरहेको प्रविधिगत परिवर्तनअनुसार दक्ष जनशक्ति उत्पादन चुनौतीपूर्ण बन्दै गएको बताए । उनले आवश्यक तालिम तथा स्रोतसाधन अभावका साथै प्रशिक्षकको कमी रहेको बताए । छलफलमा नाडाका पदाधिकारीहरु, केन्द्रीय कार्यसमिति सदस्य तथा अन्य सरोकारवाला व्यक्तिको उपस्थिति रहेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# शुन्य लगानी, कमजोर राजश्व

राजश्व संकलन गर्ने मामलामा सरकारको लगानी कमजोर देखिएको छ । राजश्व संकलन गर्न सकिने क्षेत्रको अध्ययनमा सरकारले लगानी गर्न सकेको छैन । यो समस्या संघीय तहमा मात्र होइन, प्रदेश सरकार र स्थानीय सरकारमा पनि छ । सम्भाबित क्षेत्रको अध्ययन हुनै सकेको छैन । बागमती प्रदेश सरकारले राजश्व संकलनको क्षेत्र निर्धारण गर्न र आन्तरिक आय बढाउन कार्यदल गठन गर्ने भनेको थियो । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले राजस्व चुहावट, संकलन व्यवस्थापन तथा दर र दायरालाई व्यावहारिक तथा वैज्ञानिक बनाउने गरी कार्यदल बनाएर काम गर्ने भनेको थियो । प्रदेशको आर्थिक विकास र समृद्धिका लागि आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्ने गरी कार्यदल बनाएर अध्ययन थाल्ने मन्त्रालयले जनाएको थियो । प्रदेशको नीति तथा योजना आयोगको पहलमा कन्सल्ट्यान्ट मार्फत कार्यदल निर्माण गरी प्रदेशको राजस्व र खर्चको अवस्था विश्लेषण गर्ने भनिएको थियो । कार्यदलले अध्ययन प्रतिवेदन तयार गरेपछि के भयो भन्ने विषयमा अत्तोपत्तो छैन ।

प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो आठ महिनामा वार्षिक लक्ष्यको ३६ दशमलव २९ प्रतिशत अर्थात् २४ अर्ब ४९ करोड दुई लाख ८७ हजार रुपैयाँ मात्र राजश्व संकलन गर्न सफल भएको छ । घरजग्गा रजिष्ट्रेसन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य आयस्रोत मानिन्छ । आर्थिक वर्ष २०८२/८३ को साउनदेखि फागुनसम्ममा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार रुपैयाँ राजस्व संकलन गर्ने तोकिएको लक्ष्यको तुलनामा ४५ दशमलव १३ प्रतिशत अर्थात् १३ अर्ब ९३ करोड ९७ लाख १५ हजार राजस्व संकलन भएको आर्थिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत सुरज पौडेलले जानकारी दिए । उनका अनुसार आव २०८२/८३ मा घरजग्गा रजिष्ट्रेसन शीर्षकबाट सात अर्ब ७० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकामा चालु आर्थिक वर्षको पहिलो आठ महिनाको अवधिमा दुई अर्ब ५६ करोड दुई लाख चार हजार रुपैयाँ राजश्व संकलन भएको छ । प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२/८३ मा आठ अर्ब २५ करोड लक्ष्य तोकिएकोमा चार अर्ब ४४ करोड ९३ लाख ४० हजार रुपैयाँ मात्र राजस्व संकलन गरेको छ । प्रदेश सरकारले बाँडफाँडबाट प्राप्त हुने मूल्यअभिवृद्धि करबापत आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकामा यो अवधिसम्ममा पाँच अर्ब चार करोड ६५ लाख १७ हजार संकलन भएको छ भने अन्तःशुल्क करबापत चार अर्ब तीन करोड ७९ लाख नौ हजार प्राप्त हुने अनुमान गरिएकामा एक अर्ब ७५ करोड तीन लाख ३६ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकामा आठ महिनाको अवधिमा त्यसको ५३ दशमलव ६० प्रतिशत अर्थात् सात अर्ब ९४ करोड २७ लाख ५६ हजार प्राप्त भएको अधिकृत पौडेलले बताए । चालु आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट चार अर्ब ७७ करोड ७४ लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकामा आठ महिनाको अवधिमा लक्ष्यको ५२ दशमलव ३५ प्रतिशत अर्थात् दुई अर्ब ५० करोड १२ लाख १८ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ । आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद-बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेजनी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व संकलन गर्ने विभिन्न निकायमा पुगेको क्षति लगायत कारणले अपेक्षाकृत राजस्व संकलन हुन नसकेको उनको भनाइ छ । घरजग्गा कारोबारमा आएको मन्दी, संघीय सरकारबाट प्राप्त हुने अनुदानमा भएको कटौती र न्यून पुँजीगत खर्च भएकाले राजस्व संकलन पनि कमजोर देखिएको बागमती प्रदेश लेखानियन्त्रण कार्यालयले जनाएको छ । प्रदेशको आन्तरिक राजस्व बढाउन, असंगठित क्षेत्रलाई औपचारिक बनाउने र दीर्घकालीन आर्थिक स्थिरता कायम राख्नका लागि अध्ययन हुन जरुरी छ । प्रदेशका आर्थिक र राजस्वका स्रोतको गहिरो मूल्यांकन, राज्यका उत्पादन र सेवाको वृद्धिमा जोडदिने उपाय अन्वेषण गर्ने गरी काम गर्नुपर्ने थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मक्वानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत ११ गते बुधबार २५ मार्च २०२६ । सप्तमी, चैत्र कृष्णपक्ष । चौल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५ सूर्यास्त ६:१७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परिवारमा कलह | **तुला** | : मानसिक अशान्ति |
| **वृष** | : यात्रामा बाधा | **वृश्चिक** | : कार्यमा ढिलाइ |
| **मिथुन** | : काममा सफलता हात पर्ने | **धनु** | : मांगलिक कार्य सम्पादन |
| **कर्कट** | : अपजस पाइने | **मकर** | : उपचारमा खर्च बढ्ने |
| **सिंह** | : बौद्धिक कार्यमा वाधा | **कुम्भ** | : मानमर्यादाको वृद्धि |
| **कन्या** | : व्यवसायमा विवाद | **मीन** | : नवीन कार्ययोजनामा लगानी |

# मधेशकेन्द्रित दल: गुम्दो आधार, अस्तित्वको संकट





ई. शिवांग दत्त

नेपालको समकालीन राजनीतिक इतिहासमा २०६३ सालको मधेश आन्दोलन एउटा निर्णायक मोड थियो । दशकौंसम्म राज्यको मूलधारबाट उपेक्षित महसुस गरिरहेको मधेशी समुदायले पहिलो पटक संगठित रूपमा आफ्नो पहिचान, प्रतिनिधित्व र अधिकारका लागि सडक ततायो । त्यस आन्दोलनले केवल सत्ता समीकरण मात्र बदलिएन, मधेशकेन्द्रित राजनीतिक शक्तिहरूलाई राष्ट्रिय राजनीतिमा निर्णायक शक्ति बनायो ।

त्यही आन्दोलनको ऊर्जाबाट उपेन्द्र यादव 'मधेश मसिहा' को रूपमा उदाए । २०५४ मा उनले गठन गरेको मधेशी जनअधिकार फोरमको नेतृत्वमा त्यसबेला आन्दोलन भएको थियो । उनले २०६३ को आन्दोलनपछि निर्वाचन आयोगमा सोही नाममा विधिवत् रूपमा दल दर्ता गराए । २०६४ सालको संविधानसभा निर्वाचनमा उक्त दलले ५२ सिट जित्दै मधेशी जनताको भरोसा मात्र होइन, राष्ट्रिय राजनीतिको शक्ति सन्तुलनमा पनि प्रभावशाली भूमिका खेल्यो ।

तर आन्दोलनपछिको यात्राले अपेक्षा अनुसार स्थायित्व र एकता दिन सकेन । मधेशी जनअधिकार फोरम विभाजित भई विजयकुमार गच्छदार नेतृत्वको फोरम लोकतान्त्रिक र राजकिशोर यादव नेतृत्वको फोरम गणतान्त्रिक बने । उता, राजेन्द्र महतोले सद्भावना पार्टी मार्फत मधेशी नेताको रूपमा आफ्नो पहिचान बलियो बनाए, जुन पछि विभिन्न चरण पार गर्दै राष्ट्रिय जनता पार्टी र हाल राष्ट्रिय मुक्ति पार्टीमा रूपान्तरित भयो ।

मधेशकेन्द्रित राजनीति भन्ने बित्तिकै सबैभन्दा पहिले स्मरण गरिने नाम हो गजेन्द्रनारायण सिंह 'गजेन्द्र बाबु' । उनले सन् १९८५ मा स्थापना गरेको नेपाल सद्भावना परिषद् नै मधेशी पहिचानको संगठित राजनीतिक आवाजको प्रारम्भिक रूप थियो । आज पनि धेरै मधेशकेन्द्रित नेताहरूले उनका नीति, सिद्धान्त र समावेशी दृष्टिकोणलाई मार्गदर्शनको रूपमा लिन्छन् । तर व्यवहारमा भने त्यो एकता र स्पष्ट दृष्टि निरन्तर कायम रहन सकेन ।

**एकता असफल, विभाजन स्थायी**

मधेशकेन्द्रित दलहरूको इतिहास हेर्दा एउटा स्पष्ट प्रवृत्ति देखिन्छ, 'एकता भन्दा विभाजन बढी' । नाम फेरियो, झण्डा फेरियो, अध्यक्ष फेरिए, तर राजनीतिक संस्कार र संरचनागत कमजोरी उस्तै रह्यो । महन्थ ठाकुरले तराई-मधेश लोकतान्त्रिक पार्टीबाट यात्रा शुरु गरी राष्ट्रिय जनता पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी हुँदै पुन: जनता समाजवादी पार्टीसँग एकीकरण गर्दै संरक्षकको भूमिकामा देखिनु पनि यही अस्थिरताको उदाहरण हो । उता, उपेन्द्र यादवको नेतृत्वमा संघीय समाजवादी फोरम हुँदै हाल जनता समाजवादी पार्टी, नेपाल (जसपा) कायम छ ।

२०७६ सालमा सिके राउतले जनमत पार्टी गठन गरी मधेशी युवामाझ नयाँ आशाको सञ्चार गरे । विगतमा पृथकतावादी एजेन्डा बोकेका राउतले मूलधारको राजनीतिमा प्रवेश गरी प्रदेश र संघ दुवै तहमा उल्लेखनीय सिट जिते । तर, सत्ता र संरचनाको चक्रमा प्रवेश गरेपछि अपेक्षित परिवर्तन नआएको आरोप उनीमाथि पनि लाग्न थालेको छ । 'नयाँ अनुहार, पुरानो व्यवहार' भन्ने आलोचना मधेशी जनताको बीचमा सुनिन थालेको छ ।

**सत्ता र अवसर : उपलब्धि कि अवसरवाद ?**

मधेशकेन्द्रित नेताहरूले विगत डेढ दशकमा उपप्रधानमन्त्रीदेखि पटक-पटक मन्त्रीसम्मका जिम्मेवारी सम्हाले । उपेन्द्र यादव, राजेन्द्र महतो, महन्थ ठाकुर, राजकिशोर यादव, शरतसिंह भण्डारी लगायतले संघीय सरकारमा महत्वपूर्ण पद पाएका छन् । संघीयता लागू भएपछि मधेश प्रदेशको नेतृत्व समेत मधेशकेन्द्रित दलकै हातमा आयो ।

जसपाका लालबाबु राउतले पाँच वर्ष मुख्यमन्त्रीका रूपमा शासन चलाए । त्यसपछि जनमतका सतिशकुमार सिंह तथा जसपाकै सरोजकुमार यादव प्रदेशको नेतृत्वमा देखिए । प्रश्न उठ्छ- यति धेरै अवसर र सत्तामा पहुँच हुँदाहुँदै पनि मधेशको संरचनागत समस्या किन ज्यूँका त्यूँ छन् ?'

आज पनि मधेशका ग्रामीण भेगमा आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा, रोजगारी, सिंचाइ र पूर्वाधारको अवस्था सन्तोषजनक छैन । लाखौं युवा खाडी मुलुकतिर पलायन हुन बाध्य छन् । देशको अर्थतन्त्रमा विप्रेषणाको ठूलो हिस्सा मधेशी युवाले धानिरहेका छन्, तर स्वदेशमै रोजगारी सिर्जना गर्ने ठोस नीति र उद्योग-धन्दाको विस्तारमा मधेशकेन्द्रित दलहरूको प्रभावकारी पहल देखिँदैन ।

**संवैधानिक आयोग र कमजोर आवाज**

२०७२ सालको संविधानले मधेशी समुदायको हकहित संरक्षणका लागि मधेशी आयोगको व्यवस्था गर्‍यो । तर पछि संसद्ले ऐन परिमार्जन गरी आयोगको अधिकार 'निर्देशन दिन सक्ने'बाट 'सिफारिस गर्न सक्ने'मा सीमित गरिदियो । मधेशी समुदायका धेरै बुद्धिजीवी र सरोकारवालाले यसलाई आयोगलाई 'बिरालोको दाँत' जस्तै कमजोर बनाउने कदमको रूपमा व्याख्या गरे । तर, मधेशकेन्द्रित दलहरूले यस विषयमा अपेक्षित कठोरता र निरन्तर दबाब सिर्जना गर्न नसकेको आरोप लाग्दै आएको छ ।

**सामाजिक सञ्जाल र जागरूक मतदाता**

आजको मधेश २०६३ सालको मधेश होइन । गाउँ-गाउँमा सामाजिक सञ्जालको पहुँच छ । फेसबुक, युट्युब, टिकटक जस्ता माध्यमले सूचना प्रवाह तीव्र बनाएको छ । जनता अब केवल नारामा विश्वास गर्ने अवस्थामा छैनन् । कसले के गर्‍यो ? कसले कति बजेट ल्यायो ? कसले कति काम पूरा गर्‍यो ? यी प्रश्नहरू खुला रूपमा उठ्न थालेका छन् ।

२०८२ सालको प्रतिनिधिसभा निर्वाचन (विशेष मानिएको) नजिकिंदै गर्दा मधेशकेन्द्रित दलहरूको अवस्था मधेशमै कमजोर देखिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीको लहर, ठूला दलहरूको संगठित संरचना र स्थानीय तहमा नयाँ अनुहारहरूको उदयले मधेशकेन्द्रित दलहरू दबाबमा छन् । पहिले जस्तो 'मधेशी भावना'को मात्र सहारामा मत सुरक्षित गर्ने अवस्था अब छैन । जनता परिणाम खोजिरहेका छन् ।

**अस्तित्व संकटको संकेत**

मधेशी जनताले विगत १५ वर्षमा मधेशकेन्द्रित नेताहरूलाई पटक-पटक मौका दिए । संसद्, सरकार, प्रदेश- सबै तहमा पहुँच दिलाए । तर आफ्नो न्यूनतम जीवनस्तरमा अपेक्षित सुधार नदेख्दा विश्वास क्षय हुनु स्वाभाविक हो । अहिले मधेशमा एउटा गहिरो विमर्श चलिरहेको छ- 'के मधेशकेन्द्रित दलहरू आन्दोलनको उद्देश्यबाट भड्किए ?'

यदि यही प्रवृत्ति जारी रह्यो भने मधेशकेन्द्रित दलहरू राष्ट्रिय राजनीतिमा त परै जाओस्, मधेश प्रदेशमै आफ्नो आधार जोगाउन संघर्ष गर्नुपर्ने अवस्था आउन सक्छ । दलको नाम र झण्डा मात्र जोगिए पनि जनविश्वास हरायो भने त्यो अस्तित्व अर्थहीन हुन्छ ।

यदि मधेशकेन्द्रित दलहरूले आन्दोलनको मर्म पुन: सम्झेर व्यवहारमा रूपान्तरण गर्न सके भने अझै पनि सम्भावना समाप्त भएको छैन । तर यदि व्यक्तिगत स्वार्थ, सत्ताको भागबण्डा र बारम्बारको विभाजनमै राजनीति सीमित रह्यो भने २०८२ को निर्वाचनले मधेशकेन्द्रित दलहरूको राजनीतिक यात्रा नयाँ मोड मात्र होइन, सम्भवत: अन्तिम चेतावनी पनि दिन सक्छ ।

मधेशी जनता अब सहानुभूति होइन, परिणाम चाहन्छन् । पहिचानको राजनीति मात्र होइन, विकासको प्रत्यक्ष अनुभूति खोजिरहेका छन् । यही परिवर्तनशील चेतनाले आगामी निर्वाचनमा मधेशकेन्द्रित दलहरूको भविष्य निर्धारण गर्नेछ ।

*(साभार: अनलाइनखबर)*

# चीन-पश्चिमा द्वन्द्व र नेपालका घटनाको भित्री अर्थ

दीपक रिजाल

एउटा पक्षलाई सन्तुष्ट पार्दा अर्को पक्ष सशंकित हुन सक्छ । चीनसँग संवेदनशीलता देखाउँदा पश्चिमी धाराले प्रश्न उठाउँछ भने पश्चिमी परियोजनासँग सहकार्य गर्दा चीनपक्षीय वृत्तमा चिन्ता बढ्छ । यही कारण नेपालका शासक र प्रशासकहरु सधैं दबाबमा सन्तुलन मिलाउँदाको अवस्थामा काम गर्न बाध्य छन् ।

नेपालको पछिल्लो राजनीतिक, कूटनीतिक र बौद्धिक बहसमा एउटा प्रश्न बार म्बार उठ्न थालेको छ- नेपालमा चीन र पश्चिमा शक्तिहरूबीच प्रभावको प्रतिस्पर्धा वास्तवमै कसरी चलिरहेको छ र देशभित्र भइरहेका संवेदनशील तथा प्रतीकात्मक घटनाहरूलाई यस प्रतिस्पर्धासँग कसरी जोडेर बुझ्नुपर्छ ? यस्ता प्रश्नहरू अहिले केवल कूटनीतिज्ञ, सुरक्षाविद् वा राजनीतिक वृत्तभित्र मात्र सीमित छैन, विश्वविद्यालय, मिडिया, सामाजिक सञ्जाल र आम जनचासोका तहसम्म फैलिएको छ ।

हालैका वर्षहरूमा नेपालभित्र देखिएका केही विवादास्पद, प्रतीकात्मक र वैचारिक घटनाले यो बहसलाई अझ तीव्र बनाएको छ । कुनै विदेशी सहायता परियोजनालाई लिएर हुने प्रदर्शन होस्, कुनै अन्तर्राष्ट्रिय शक्ति वा नेतासँग जोडिएका प्रतीकमाथि भएको विरोध होस् वा विश्वविद्यालय क्षेत्रभित्र देखिएको वैचारिक तनाव, यी सबैलाई केहीले 'आन्तरिक असन्तुष्टि'का रूपमा हेर्छन् भने केहीले 'बाह्य शक्ति प्रेरित न्यारेटिभ युद्ध' को परिणामका रूपमा व्याख्या गर्छन् । यथार्थ भने यी दुवै ्वीय निष्कर्षको बीचमा छ ।

नेपाल भूराजनीतिक रूपमा असाध्यै संवेदनशील भूभाग हो । उत्तरमा चीन, दक्षिणमा भारत अनि विकास, सहायता, लोकतान्त्रिक संस्थागत समर्थन तथा अन्तर्राष्ट्रिय राजनीतिक प्रभावका हिसाबले अमेरिका र युरोपेली शक्तिहरूसँग पनि गहिरो सम्बन्ध । यही त्रिकोणीय र बहुस्तरीय अवस्थाले नेपाललाई सधैँ 'सन्तुलन-आधारित विदेश नीति' अपनाउन बाध्य बनाएको छ । नेपाल कुनै एक शक्तिगुटको औपचारिक विस्तार भएको देश होइन, तर कुनै पनि शक्ति-प्रतिस्पर्धाबाट बाहिर रहेको देश पनि होइन । बरु, नेपाल यस्तो भू-राजनीतिक चौराहा हो, जहाँ प्रत्यक्ष सैन्य हस्तक्षेपभन्दा बढी प्रभावको खेल विकास परियोजना, पूर्वाधार, ऊर्जा, सहायता, शिक्षा, संस्कृति, मानवअधिकार, सुशासन, कूटनीतिक दबाब र न्यारेटिभका माध्यमबाट खेलिन्छ ।

चीनको प्रभाव नेपालमा सबैभन्दा स्पष्टरूपमा पूर्वाधार, कनेक्टिभिटी र संवेदनशील कूटनीतिक सहमतिहरूमा देखिन्छ । बेल्ट एन्ड रोड इनिसिएटिभ, ट्रान्स-हिमालयन कनेक्टिभिटी, सीमापार सडक, रेल, सुरुङ, ड्राइ पोर्ट, ऊर्जा तथा व्यापारिक मार्गबारेको बहसले चीनको नेपाल-नीतिलाई बुझ्न महत्वपूर्ण आधार दिन्छ । चीनले नेपालसँगको सम्बन्धलाई केवल छिमेकी मैत्रीमा सीमित राखेको छैनह उसले आफ्नो रणनीतिक गहिराइ, दक्षिण एसियाली पहुँच, सुरक्षा संवेदनशीलता र राजनीतिक स्थायित्वको चासोलाई पनि यसमा गाँसेको देखिन्छ । विशेष गरी 'एक-चीन नीति' नेपाल-चीन सम्बन्धको संवेदनशील मूलाधार बनेको छ । तिब्बतसँग सम्बन्धित गतिविधि, शरणार्थी प्रश्न र चीन-विरोधी प्रदर्शनप्रति नेपालको प्रशासनिक व्यवहार लाई बेइजिङले निकै चासोका साथ हेर्ने गरेको स्पष्ट छ ।

चीनको अर्को प्रभावकारी माध्यम 'सफ्ट पावर' हो । भाषा, शिक्षा र सांस्कृतिक पहुँचमार्फत उसले नेपाली युवावर्ग र शैक्षिक संस्थाहरूसँग सम्बन्ध मजबुत बनाउन खोजेको देखिन्छ । कन्फ्युसियस इन्स्टिच्युट, चिनियाँ भाषा अध्ययन, छात्रवृत्ति र शैक्षिक आदानप्रदान यसका उदाहरण हुन् । यसले नेपालमा चीनको छवि निर्माण, बौद्धिक पहुँच विस्तार र दीर्घकालीन प्रभावको सामाजिक आधार तयार गर्ने काम गर्छ । तर चीन-सम्बद्ध पूर्वाधार परियोजनाहरू माथि उठ्ने पारदर्शिता, ऋण, लागत, भ्रष्टाचार, निर्भरता र राजनीतिक संरक्षणसम्बन्धी प्रश्नहरूले उसको प्रभावलाई एकतर्फी सकारात्मक ढंगले मात्र व्याख्या गर्न नहुने पनि देखाउँछ ।

अर्कोतर्फ पश्चिमी प्रभावको स्वरूप केही फरक छ । अमेरिका र युरोपेली संघले नेपालमा आफ्नो उपस्थिति मुख्यत: विकास सहायता, ऊर्जा, लोकतान्त्रिक संस्थागत सहयोग, सुशासन, मानवअधिकार, सिभिल सोसाइटी सशक्तीकरण, प्रेस स्वतन्त्रता, जलवायु र नीतिगत सुधारका एजेन्डामार्फत बनाएका छन् । अमेरिकी एमसीसी परियोजना यसको सबैभन्दा चर्चित उदाहरण हो । ऊर्जा प्रसारण लाइन, सडक मर्मत र नेपाल-भारत विद्युत् व्यापारसँग जोडिएको एमसीसी परियोजनालाई उसका समर्थकहरूले आर्थिक विकास र संरचनात्मक सुधारको अवसरका रूपमा प्रस्तुत गर्छन् । तर आलोचकहरूले यसलाई केवल आर्थिक परियोजना नभई व्यापक सामरिक र प्रभाव-आधारित उपस्थिति विस्तारको साधनका रूपमा हेर्ने गरेका छन् ।

यसै गरी स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) विवादले अमेरिकी पहलहरू नेपालमा कति छिट्टै सुरक्षा-सम्बद्ध शंकाको विषय बन्न सक्छन् भन्ने देखिँदै आएको छ । अमेरिकी पक्षले यसलाई मानवीय सहायता, विपद् व्यवस्थापन र तालिम-आधारित सहकार्य भने पनि नेपालमा यसलाई इन्डो-प्यासिफिक रणनीति र सम्भावित सुरक्षा-गठबन्धनसँग जोडेर हेर्ने गरिएको छ । फलस्वरुप नेपाल सरकारले त्यसबाट अलग रहने निर्णय यसअघि नै गरिसकेको छ । यसले के देखायो भने, नेपालमा पश्चिमी सहायता वा कार्यक्रमहरू सधैँ 'निर्विवाद विकास' का रूपमा मात्र बुझ्ने कामको रुपमा विकसित हुन सकेको देखिँदैन ।

युरोपेली संघको प्रभाव अझ बढी 'नर्मेटिभ' प्रकारको छ । सुशासन, मानवअधिकार , समावेशी विकास, हरित अर्थतन्त्र, सिभिल सोसाइटी र संस्थागत क्षमता अभिवृद्धिमा ईयुको उपस्थिति देखिन्छ । पश्चिमी प्रभावको यही स्वरूपले नेपालभित्रको सार्वजनिक बहसमा विभाजनको बीजारोपण हुने गरेको छ । एक धारले यसलाई लोकतान्त्रिक मूल्य, पारदर्शिता र उत्तरदायित्वको समर्थन भन्दै व्याख्या गर्ने गर ेको छ भने अर्को धारले यसलाई आन्तरिक नीतिगत निर्णय प्रक्रियामा बाह्य वैचारिक प्रभाव विस्तारको प्रयासका रूपमा हेर्ने गरेको पाइन्छ ।

यहीँबाट 'न्यारेटिभ युद्ध' शुरु हुन्छ । चीनपक्षीय न्यारेटिभले पश्चिमलाई वैचारिक, संस्थागत र राजनीतिक हस्तक्षेपकारी शक्तिका रूपमा चित्रण गर्न खोज्छ, जबकि पश्चिमपक्षीय न्यारेटिभले चीनलाई ऋण-निर्भरता, अपारदर्शी पूर्वाधार, राजनीतिक संवेदनशीलतामाथि दबाब र सर्भेरेन्टी-सम्बन्धी असहज प्रभावका रूपमा चित्रित गर्ने प्रयास गरेको पाइन्छ । नेपालभित्रका राजनीतिक समूह, वैचारिक समूह, विद्यार्थी संगठन, मिडिया वृत्त, सामाजिक सञ्जालका प्रभावशाली प्रयोगकर्ता र नागरिक समाजका विभिन्न धारहरूले यही न्यारेटिभलाई आ-आफ्नो सुविधाअनुसार पुनरुत्पादन गरिरहेका हुन्छन् । फलस्वरूप, कुनै पनि संवेदनशील घटना शुद्ध स्थानीय घटना भएर टिक्न सक्दैनह त्यो तुरुन्तै 'नेपाल कुन शक्तितिर ढल्किँदै छ ?' भन्ने बहसको विषय बन्छ ।

यही कारणले कुनै पुस्तक जलाउने, विदेशी परियोजनाविरुद्ध नाराबाजी गर्ने, मानवअधिकार वा राष्ट्रिय स्वाभिमानको नाममा प्रतीकात्मक विरोध जनाउने वा कुनै कूटनीतिक संवेदनशील विषयमा विश्वविद्यालय वा सडकमै प्रतिक्रिया दिने कार्यहरु घटना सामान्य असन्तुष्टि मात्र नभई बहुस्तरीय राजनीतिक अर्थ बोकेका हुन्छन् । तर यस्तो प्रत्येक घटनालाई 'पश्चिमले गरायो' वा 'चीनले दबाब दिएर गरायो' भन्ने निष्कर्षमा पुग्नु बौद्धिक रूपमा कमजोर र प्रमाणको हिसाबले असुरक्षित हुन्छ ।

वास्तविकता के हो भने, यस्ता घटना प्राय: आन्तरिक एक्टरहरूबाट शुरु हुन्छ- विद्यार्थी समूह, राजनीतिक संगठन, वैचारिक मोर्चा, प्रशासनिक कमजोरी, नेतृत्वगत असन्तुलन वा सामाजिक सञ्जालबाट उत्तेजित मनोविज्ञान । यी सबैले मिलेर घटना जन्माउन सक्छन् । त्यसपछि मात्र बाह्य शक्ति-प्रतिस्पर्धाको न्यारेटिभले त्यसलाई ठूलो बनाउँछ, अर्थ दिन्छ र कहिलेकाहीँ आफ्नो पक्ष अनुकूल व्याख्या गरेर 'हतियार' बनाउँछ । यस अर्थमा बाह्य शक्तिको प्रत्यक्ष आदेशभन्दा बाह्य शक्ति-हितसँग मेल खाने न्यारेटिभको उपयोग बढी यथार्थपरक विश्लेषण हुने गरेको पाइन्छ ।

नेपाल सरकारले यस्ता घटनामा सामान्यतया दुईवटा काम एकैपटक गर्न खोज्छ । पहिलो- क्षति नियन्त्रण र दोस्रो-शक्ति-सन्तुलन जोगाइराख्ने प्रयास । एउटा पक्षलाई सन्तुष्ट पार्दा अर्को पक्ष सशंकित हुन सक्छ । चीनसँग संवेदनशीलता देखाउँदा पश्चिमी धाराले प्रश्न उठाउँछ भने पश्चिमी परियोजनासँग सहकार्य गर्दा चीनपक्षीय वृत्तमा चिन्ता बढ्छ । यही कारण नेपालका शासक र प्रशासकहरू सधैँ दबाबमा सन्तुलन मिलाउँदाको अवस्थामा काम गर्न बाध्य छन् ।

आगामी दिनमा यो प्रतिस्पर्धा अझ तीव्र हुने सम्भावना छ । ऊर्जा प्रसारण, क्षेत्रीय विद्युत् व्यापार, बीआरआई परियोजनाको छनोट, वित्तीय मोडालिटी, तिब्बत र एक-चीन नीति, विश्वविद्यालय क्षेत्रको वैचारिक ्वीकरण, सामाजिक सञ्जालमार्फत हुने दुष्प्रचार, विदेशी सहायता कार्यक्रमको राजनीतिककरण । यी सबै क्षेत्रमा चीन र पश्चिमाबीचको प्रतिस्पर्धी प्रभाव अझ स्पष्ट देखिन सक्छ । नेपालका लागि चुनौती भनेको कसैको प्रोक्सी बन्ने होइन, न त आन्तरिक लोकतान्त्रिक बहसलाई बाह्य शक्ति-प्रतिस्पर्धाको अन्धाधुन्ध व्याख्यामा हराउन दिने हो ।

निष्कर्ष यही हो- नेपालमा चीन र पश्चिमा दुवैको प्रभाव वास्तविक छ, तर त्यसको स्वरूप फरक छ । चीनले पूर्वाधार, कनेक्टिभिटी, कूटनीतिक संवेदनशीलता र सांस्कृतिक पहुँचबाट काम गर्छ भने पश्चिमाले सहायता, ऊर्जा, सुशासन, मानवअधिकार र संस्थागत साझेदारी मार्फत प्रभाव निर्माण गर्छ । संवेदनशील घटनाहरूलाई बुझ्दा आन्तरिक कारण, बाह्य न्यारेटिभ उपयोग र सरकारी कूटनीतिक प्रतिक्रियाको त्रिस्तरीय ढाँचामा विश्लेषण गर्नु सबैभन्दा उपयुक्त हुन्छ । 'यो पश्चिमाको खेल हो' वा 'यो चीनको प्रतिकार हो' भन्ने सीधा निष्कर्षभन्दा यही दृष्टिकोण बढी परिपक्व, यथार्थपरक र राष्ट्रिय हित अनुकूल हुन्छ । नेपालको चुनौती कसैको पक्षमा ढल्किनु होइन, सन्तुलन जोगाउनु हो । आन्तरिक घटनालाई बाह्य षड्यन्त्रमा सीमित गर्नुभन्दा त्यसको वास्तविक कारण बुझ्नु नै राष्ट्रिय हितमा हुन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# युद्ध पश्चिम एसियामा, प्रहार नेपालीको भान्सादेखि भन्डारसम्म

काठमाडौं/इजरायल, अमेरिका तथा इरानबीच जारी युद्ध चाँडै अन्त्य हुने छाँट अझै देखिएको छैन । इजरायल तथा इरान दुवैले सैन्य मात्रै होइन, गैरसैन्य क्षेत्रमा आक्रमण थालेका छन् । खासगरी इन्धन उत्खनन र रिफाइनरीहरूमा आक्रमण हुन थालेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ४८ घण्टाभित्र स्ट्रेट अफ होर्मुज खुला नगरे इरानका तेल संरचनामा आक्रमण गर्ने चेतावनी दिएको पनि २४ घण्टाभन्दा बढी भइसक्यो । त्यसको जवाफमा इरानले पनि अन्य खाडी देशका तेल संरचनामा आक्रमण गर्ने चेतावनी दिएको छ । साँच्चै दुवैतर्फबाट तेल पूर्वाधारमा आक्रमण भयो भने त्यसले विश्वव्यापी ऊर्जा संकट नयाँ उचाइमा पुऱ्याउने निश्चत छ ।



हुन त नेपाल न आक्रमण गर्ने देश हो, न प्रत्याक्रमणमा नै संलग्न छ । तर, युद्धमा संलग्न नभएका विश्वका अन्य धेरै देश जस्तै नेपालले पनि यो युद्धको गहिरो मूल्य चुकाउनुपर्ने देखिन्छ । नेपालमा यसका प्रत्यक्ष र अप्रत्यक्ष दुवै हिसाबले यो युद्धको असर परिरहेको छ । नेपाललाई के-कस्ता प्रभाव पर्छ त ? त्यसबारे चर्चा गरौं ।

**१. पश्चिम एसियामा नेपाली ज्यान, धन र रोजगारीमा जोखिम**

मध्यपूर्व (खाडी) देशहरू नेपालबाट रोजगारीका लागि सबैभन्दा धेरै मानिस जाने देश हुन् । परराष्ट्र मन्त्रालयका अनुसार अहिले ती देशमा करिब २० लाख नेपाली छन् । तीमध्ये यूएईमा रहेका एक जनाको युद्धकै कारण मृत्यु भएको छ भने १६ जना घाइते भएका छन् । एक नेपालीलाई इरानी सेनाले नियन्त्रणमा लिएको छ भने अन्य सात जनालाई गलत सूचना फैलाएको आरोपमा विभिन्न देशले पक्राउ गरेका छन् ।

८१ हजार नेपालीले नेपाल फर्कन चाहेको भन्दै परराष्ट्र मन्त्रालयमा आवेदन दिएका छन् । त्यसबाहेक लाखौं नेपालीको रोजगारी गुम्ने भय छ । युद्ध लामो हुँदै गयो र सैनिक बाहेकका नागरिक संरचनामा आक्रमण तीव्र भयो भने लाखौंको संख्यामा नेपाली उद्धार गरेर ल्याउनुपर्ने हुन्छ । त्यसले तत्कालका लागि रोजगारीमा धक्का दिने छ, किनभने वैदेशिक रोजगारीमा जाने कामदारको लगभग आधा हिस्सा खाडी मुलुकमा नै जाने गरेका छन् ।

दीर्घकालमा फर्केर आउनेलाई कसरी व्यवस्थापन गर्ने भन्ने समस्या देशलाई पर्ने छ । हुन त युद्धपछिको पुनर्निर्माणमा फेरि पनि कामदारको ठूलो माग हुन सक्छ, जहाँ नेपालीले अवसर प्राप्त गर्न सक्छन् । तर, तत्कालका लागि भने नेपाललाई यो भयावह समस्या हो ।

**२. विपत्मा परेकाको उद्धारमा सकस**

पश्चिम एसियामा संसार भरिका करिब ३ करोड ५० लाख आप्रवासीले काम गरिरहेको अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को तथ्यांक छ । युरोप तथा अमेरिका लगायत विकसित देशले आफ्ना अधिकांश नागरिक त्यस क्षेत्रबाट फिर्ता लगिसकेका छन् । भारतले पनि सवा २ लाख नागरिकलाई फिर्ता ल्याइसकेको छ ।

नेपालले पनि फर्कन चाहने नेपालीलाई विभिन्न माध्यमबाट फिर्ता ल्याउने तयारी गरेको छ । मध्यपूर्वमा ट्रान्जिटमा अड्किएका र त्यही बस्नेसमेत गरेर करिब १ हजार जनालाई नेपाल फर्काउन र सम्बन्धित गन्तव्य पठाउन सहजीकरण गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

आवश्यक परे पानी जहाजमा पनि फिर्ता ल्याउने सरकारको तयारी छ । तर, एकै पटक लाखौं नेपालीलाई ल्याउनुपर्ने भयो भने त्यो सरकारको क्षमताभन्दा बाहिर हुन सक्छ ।

**३. रेमिट्यान्समा धक्का**

नेपाल भित्रिने रेमिट्यान्स मध्ये करिब ४१ प्रतिशत मध्यपूर्वका देशबाट आउने नेपाल राष्ट्र बैंकको आधिकारिक तथ्यांक छ । नेपाल रेमिटर्स एसोसिएसनका अनुसार ती देशबाट औपचारिक-अनौपचारिक माध्यमबाट करिब ५० प्रतिशत रेमिट्यान्स भित्रिन्छ । ती देशमा युद्ध लम्बिएको र नेपालीको रोजगारी गुमेको अवस्थामा नेपालको रेमिट्यान्सको आधार नै कमजोर हुनेछ । त्यसो भयो भने रेमिट्यान्स प्राप्त गरिरहेका घरपरिवारको आम्दानीको स्रोत गुम्ने छ ।

एक जना वैदेशिक रोजगारीमा जानेको परिवारको आकार औसत ४ जनाको मान्दा पनि यसबाट ८० लाख जनता प्रभावित बन्नेछन् । रेमिट्यान्स घट्दा त्यसले वैदेशिक मुद्रा सञ्चिति घट्छ, बैंकिङ क्षेत्रको तरलतामा कमी आउन सक्छ ।

**४. इन्धन अभाव**

पश्चिम एसियाली मुलुकमा द्वन्द्व सुरु भएको तीन साता भयो । तर, नेपालमा खाना पकाउने एलपी ग्यास अभाव भएको अढाइ महिना भइसकेको छ । युद्ध सुरु हुनुअघि नेपाल आयल निगमको कमजोरी र उद्योगी-व्यवसायीको गलत नियतका कारण ग्यास अभाव भएको थियो । तर, युद्ध सुरु भएपछि अभाव थप चर्कियो ।

युद्धको प्रभाव चर्कँदै जाँदा ग्यास मात्रै होइन, पेट्रोल, डिजेल लगायत पनि अभाव हुने जोखिम बढेको छ । किनभने, नेपाल इन्धनमा पूर्णरूपमा भारतसँग निर्भर छ । भारतले आयात गर्ने कच्चा तेलको करिब ५५ प्रतिशत पश्चिम एसिया (साउदी अरब, इराक, यूएई लगायत) बाट आउँछ ।

हुन त नेपालले भारतको कुल खपतको १ प्रतिशत जति मात्रै इन्धन खपत गर्छ, तर भारतमा नै यसको अभाव भयो भने त्यसको सिधा प्रभाव नेपालमा पर्ने छ । हालसम्म आयल निगमले भारतबाट आउने इन्धन आपूर्तिमा कुनै कमी नभएको दाबी गर्दै आएको छ ।

**५. इन्धन भाउ र समग्र मूल्यवृद्धि**

युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ करिब ७० अमेरिकी डलरबाट १ सय १३ डलर पुगिसकेको छ । त्यसको प्रत्यक्ष प्रभाव नेपालमा तेलको मूल्यमा पनि परेको छ । आयल निगमले १ चैतमै पेट्रोलको भाउ प्रतिलिटर १५ रुपैयाँ र डिजेलको १० रुपैयाँ बढाएको थियो । त्यसबेलै भारतबाट आएको मूल्य सूची अनुसार पेट्रोलको भाउ प्रतिलिटर ३१ रुपैयाँ, डिजेलको ५४ रुपैयाँ र ग्यासको प्रतिसिलिन्डर २ सय १६ रुपैयाँ बढाउनुपर्नेमा कम मात्रै बढाएको जनाएको थियो ।

यस्तो अवस्थामा अब अप्रिलको सुरुमा थप भाउ बढेर आउँदा अझै ठूलो मूल्यवृद्धि हुने निश्चित छ । सन् २०२२ मा पेट्रोलको मूल्य १ सय ९९ रुपैयाँसम्म पुगेको थियो, यसपटक त्यसभन्दा पनि माथि जाने संकेत छ ।

तेलको मूल्य बढ्दा त्यसले सबैजसो उपभोग्य सामानको भाउ बढाउँछ, किनभने त्यसले ढुवानी भाडा तथा उत्पादन लागत बढ्छ, जसले मूल्य शृंखलालाई नै महँगो बनाउँछ । इन्धनको मूल्य बढ्दा ढुवानी भाडा ४० प्रतिशतसम्म बढ्न सक्ने आकलन विश्लेषकहरूको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको थम्बनेल नियम अनुसार कच्चा तेलको भाउ निरन्तर १ वर्षसम्म प्रतिब्यारेल १० डलरले बढ्दा त्यसले ०.४ प्रतिशत बिन्दुले मूल्य वृद्धि थपिन्छ । अहिले कच्चा तेलको मूल्य ४० डलरभन्दा धेरैले बढिसकेको अवस्था छ । यो निरन्तर कायम रहे, १ प्रतिशत बिन्दुले मूल्य वृद्धि हुनेछ । तर, नेपालजस्तो सिन्डिकेट र कार्टेलिङ भएको मुलुकमा यस्तो दर अझै धेरै हुन्छ ।

अर्कातिर, युद्धका कारण अमेरिकी डलरको भाउ बढेर १ सय ५० रुपैयाँभन्दा बढी भइसकेको छ । यसले पनि आयातित सामानको भाउ बढाउने छ ।

**६. वैदेशिक मुद्रा भण्डारमाथि नै आक्रमण हुन सक्छ**

अहिले नेपालसँग विदेशी मुद्रा सञ्चिति २२ अर्ब ७६ करोड डलर पुगेको छ । यसले १८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ । यो अत्यन्तै सुदृढ अवस्था हो । तर, सञ्चिति यति सुदृढ हुनुमा रेमिट्यान्सको योगदान छ । अघिल्लो वर्ष १८ खर्बभन्दा बढीको आयात गर्दा जम्मा २ खर्ब ७७ अर्बको मात्रै निर्यात भएको थियो ।

नेपालले १८ खर्बका सामान किन्यो, २ खर्ब ७७ अर्बको मात्रै बेच्यो । यति ठूलो खाडल पुरेर नेपालमा विदेशी मुद्रा सञ्चिति बढाउने काम रेमिट्यान्सले गरेको छ । अघिल्लो आवमा रेमिट्यान्स १७ खर्ब २३ अर्ब आएको थियो ।

खाडी मुलुकबाट कुल रेमिट्यान्सको आधा आउनेमा त्यो बन्द भयो भने नेपालको सञ्चितिमा पनि खाडल पर्न सुरु हुनेछ । नेपालले ७ महिनाको वस्तु तथा सेवा आयात गर्ने सञ्चिति कायम राख्ने लक्ष्य राखेकाले तत्कालै विदेशी मुद्राको संकट भने पर्ने छैन । तर, यो संकटले के देखायो भने विदेशी मुद्रा सञ्चिति बलियो बनाएरै राख्नुपर्ने रहेछ ।

**७. रासायनिक मल अभाव**

रासायनिक मल उत्पादनका लागि प्राकृतिक ग्यास चाहिन्छ । अहिले पेट्रोलियमसँग प्राकृतिक ग्यास आपूर्तिमा अवरोध हुँदा युरिया लगायत मल अभाव सुरु भएको छ भने मूल्य ५० प्रतिशतभन्दा धेरैले बढिसकेको छ । कृषि मन्त्रालयका अनुसार अहिले नेपालसँग १५ असार सम्म पुग्ने मात्रै मल मौज्दात छ । त्यसपछिको आपूर्तिलाई टेन्डर मात्रै भएको छ । यस्तो अवस्थामा धान रोपाइँलाई नै मल अभाव हुने र मूल्य अत्यधिक बढ्ने प्रबल सम्भावना छ ।

यसबाहेक पनि द्वन्द्वका कारण प्लास्टिकजन्य कच्चापदार्थको समेत अभाव चर्किएको छ । कच्चा तेल प्रशोधनकै क्रममा प्लास्टिकजन्य पदार्थ उत्पादन हुने गर्दछ । तर, द्वन्द्वका कारण ढुवानी, प्रशोधन तथा आपूर्ति श्रृंखलामा अवरोध भइरहेको छ । यसले गर्दा नेपालमा सञ्चालनमा रहेका प्लास्टिकका बोतल, जार, बिर्को, प्लास्टिकजन्य अन्य भाँडा, पाइप उत्पादन गर्ने उद्योगलाई कच्चापदार्थ संकट उत्पन्न भइसकेको छ । कतिसम्म भने मृगौलाको डाइलाइसिसमा प्रयोग हुने पानी लगायत प्लास्टिकका बोतल र ग्यालनमा राखिने औषधि उत्पादन समेत प्रभावित बनेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# वडाअध्यक्ष दाहाल त्रिभुवन मावि विव्यसमा सर्वसम्मत चयन



साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/त्रिभुवन माविको विद्यालय ब्यवस्थापन समितिको अध्यक्षमा ११ नं. वडाअध्यक्ष जुना दाहाल सर्वसहमत चयन भएकी छिन् ।

हेटौंडा उपमहानगर पालिका-११ स्थित विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्षमा दाहाल चयन भएकी हुन् । गोविन्दप्रसाद न्यौपानेको सभाध्यक्षतामा बसेको समिति बैठकले महिला मनोनितमा परेकी दाहाललाई अध्यक्ष पदमा सर्वसम्मत चयन गरेको हो । यसैगरी सदस्यहरुमा ११ नम्बर वडाको तर्फबाट वडासदस्य संजय बिडारी दोहोरीएका छन् भने पुरुष मनोनितमा परेका अर्का सदस्य जनकप्रसाद लामिछाने पनि दोहोरीएका हुन् ।

सर्वसम्मत चयन हुने सदस्यहरुमा अभिभावकको तर्फबाट गोविन्दप्रसाद न्यौपाने, बिनु नेपाली, बद्री लम्साल, जमुना राई र सदस्यसचिव विद्यालयका प्रधानाध्यापक रामकुमार बर्तौला चयन भएका हुन् । विद्यालयतर्फका सदस्यबाहेक कार्यसमिति पूरा भएको विद्यालयले जनाएको छ । नवनियुक्त कार्यसमितिलाई बधाई दिदै विद्यालयका सहायक प्रअ बैकुण्ठ नेपाल र शर्मिला ढकालले टीका, माला, खादा लगाइदिएका थिए ।

विद्यालयका प्रअ बर्तौलाले स्कुलको विकासमा समिति, विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी सबैको बराबर जिम्मेवारी रहने भएकोले मिलेर काम गर्नुपर्ने बताए । यसैगरी वडाध्यक्ष तथा नवनिर्वाचित विव्यस अध्यक्ष दाहालले आफ्नो तर्फबाट सकेको काम गरेर स्कुलको चौतर्फी विकासमा टेवा पुऱ्याउने बताइन् ।

# बागमतीमा पुनर्स्थापना सेवाको गुणस्तर सुधारमा रिकभरीङ नेपालको सक्रियता

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/बागमती प्रदेशमा लागूऔषध पुनर्स्थापना सेवाको सुदृढीकरणका लागि रिकभरीङ नेपालले सक्रिय भूमिका निर्वाह गरिरहेको छ ।




यसैक्रममा रिकभरीङ नेपाल बागमती प्रदेश समितिले चितवनका न्यु वे फाउन्डेसन, युथ नेपाल र स्वर्ग नेपाल पुनर्स्थापना केन्द्रको निरीक्षण तथा अनुगमन गरेको छ ।

उपाध्यक्ष रोशन सिलवाल र प्रादेशिक फोकल पर्सन मनीशमान श्रेष्ठको नेतृत्वमा भएको अनुगमनमा सेवाप्रवाह, व्यवस्थापन तथा सुधारका सम्भावित क्षेत्रको सूक्ष्म मूल्यांकन गरिएको थियो । टोलीले केन्द्रको भौतिक अवस्था, उपचाररत व्यक्तिसँगको अन्तरक्रिया, मनोसामाजिक सहयोगका अभ्यास तथा कार्यक्रमको प्रभावकारितामा विशेष ध्यान दिएको जनाएको छ ।

यसअघि चैत ५ गते मकवानपुरका ७ वटा पुनर्स्थापना केन्द्रमा जिल्ला प्रशासन कार्यालय, जनस्वास्थ्य कार्यालय, हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय, हेटौंडा अस्पताल तथा रिकभरीङ नेपालको संयुक्त टोलीद्वारा अनुगमन भइसकेको थियो ।

यस्ता निरन्तर अनुगमन तथा समन्वयात्मक प्रयासले पुनर्स्थापना सेवाको गुणस्तर अभिवृद्धि, पारदर्शिता र प्रभावकारिता बढाउने अपेक्षा गरिएको छ । रिकभरीङ नेपाल बागमती प्रदेश समितिले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई थप सशक्त बनाउने प्रतिबद्धता जनाएको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'
**दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२**
मितिः २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म   स्थान : हेटौंडा-१०, टिसिएन चौर

**राष्ट्रिय तेक्वान्दो प्रतियोगिता**
२०८२ चैत्र ११, १२ र १३ गते

**खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता**
२०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

**जिल्ला स्तरीय महिला/पुरुष १० कि.मि. दौड प्रतियोगिता**
२०८२ फागुन २९ गते

**जिल्ला स्तरीय व्याडमिन्टन प्रतियोगिता**
२०८२ फागुन २९, ३० गते

**जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता**
२०८२ चैत्र १, २ र ३ गते

**जिल्ला स्तरीय कराते प्रतियोगिता**
२०८२ चैत्र ९ र १० गते



# मुख्यमन्त्री बानियाँद्वारा जिप्रका काठमाडौँको सेवाप्रवाह अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पुगेर सेवाप्रवाहको अवस्था, सेवाग्राहीको सहज पहुँच तथा नागरिकता शाखा सहित विभिन्न सेवाकक्षको कार्य सम्पादनबारे उच्चस्तरीय अनुगमन गरेका छन् ।

मुख्यमन्त्री बानियाँले अनुगमनका क्रममा सेवाग्राही प्रतीक्षा तथा सहायताकक्ष, नागरिकता शाखा र कार्यालयभित्रको समग्र सेवा व्यवस्थापनको निरीक्षण गर्दै सेवाग्राहीलाई छिटो, सहज र प्रभावकारी सेवा उपलब्ध गराउन सम्बन्धित कर्मचारीलाई निर्देशन दिएका छन् । अनुगमनका क्रममा मुख्यमन्त्री बानियाँले कार्यालयमा पुगेका सेवाग्राहीसँग प्रत्यक्ष संवाद गर्दै सेवा लिन आउँदा भोग्नुपरेका समस्या, प्रतीक्षाको अवस्था, प्रक्रिया तथा कर्मचारीको व्यवहारबारे जानकारी लिएका थिए । विशेषगरी दैनिक ठूलो संख्यामा सेवाग्राहीको चाप हुने नागरिकता शाखा, सहायताकक्ष र प्रतीक्षालय व्यवस्थापनलाई थप व्यवस्थित, पारदर्शी र सेवामैत्री बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ ।



मुख्यमन्त्री बानियाँले कार्यालय परिसरमा जडान गरिएका सीसीटीभी निगरानी प्रणाली तथा विभिन्न सेवा कक्षको अवस्था अवलोकन गरेका थिए । कार्यालयका विभिन्न बिन्दुमा राखिएका डिजिटल निगरानी प्रणालीमार्फत् सेवा प्रवाहको वास्तविक अवस्था, सेवाग्राहीको भीड व्यवस्थापन, लाइन प्रणाली तथा कर्मचारीको उपस्थितिको निगरानीलाई थप प्रभावकारी बनाउनेतर्फ पनि उनले चासो दिएका थिए । अनुगमनकाक्रममा मुख्यमन्त्री बानियाँले सरकारी सेवाप्रवाह नागरिकमैत्री, पारदर्शी र झन्झटरहित हुनुपर्नेमा जोड दिँदै सेवाग्राहीले सरकारी कार्यालयमा आउँदा दु:ख, सास्ती र अनावश्यक ढिलासुस्ती भोग्न नपर्ने वातावरण निर्माण गर्नुपर्ने बताएका छन् ।

उनले सेवाप्रवाहमा हुने ढिलाइ, अनावश्यक कागजी झन्झट, अस्पष्ट प्रक्रिया तथा बिचौलियाको सम्भावनालाई कडाइका साथ नियन्त्रण गर्न सम्बन्धित निकायलाई सचेत गराएका छन् । सेवाग्राहीसँगको संवादमा कतिपयले कार्यालयको सहायता कक्ष र प्रतीक्षालय व्यवस्थापन सकारात्मक रहेको बताएका थिए भने केहीले सेवा प्रक्रियामा थप सरलता, समयमै काम सम्पन्न हुने व्यवस्था र स्पष्ट सूचनाप्रणाली आवश्यक रहेको धारणा राखेका थिए । मुख्यमन्त्री बानियाँले यस्ता सुझावलाई गम्भीर रुपमा लिँदै सूचना बोर्ड, टोकन र लाइन व्यवस्थापन, नागरिकता सेवा प्रक्रियाको स्पष्ट जानकारी तथा सहायता डेस्कको प्रभावकारिता बढाउन सम्बन्धित पक्षलाई निर्देशन दिएका छन् ।

अनुगमनपछि मुख्यमन्त्री बानियाँले कार्यालयका जिम्मेवार अधिकारीसँग छुट्टै छलफल गर्दै सेवा सुधार, छिटो निर्णय प्रक्रिया, डिजिटल प्रणालीको प्रभावकारी प्रयोग, गुनासो सुनुवाइ संयन्त्रको सक्रियता तथा सेवाग्राहीलाई सम्मानजनक व्यवहार सुनिश्चित गर्न विशेष जोड दिएका छन् । उनले सरकारी कार्यालयप्रति नागरिकको विश्वास बढाउने सबैभन्दा प्रभावकारी उपाय व्यवहारिक सुधार र उत्तरदायी सेवा प्रणाली भएको बताएका छन् ।

# पाथीभरा मन्दिरमा एकमहिने अखण्ड सहर्ष चण्डी महायज्ञ जारी

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/हेटौंडा उपमहानगरपालिका-१ स्थित पाथीभरा मन्दिरमा अखण्ड सहर्ष चण्डी महायज्ञ सञ्चालन भइरहेको छ ।

फागुन १२ गतेदेखि सुरु भएको महायज्ञ आगामी चैत्र १३ गतेसम्म निरन्तर जारी रहने आयोजकले जनाएका छन् । महायज्ञको अन्तिम दिन विशेषरुपमा महामाया भगवती आमाको पूजाअर्चना गरिनेछ । नेपाली सेना र नेपाल प्रहरीद्वारा ब्यान्ड बाजासहित झाँकी प्रदर्शन गर्ने कार्यक्रम रहेको पीठाधीश देवदासले बताए । महायज्ञ अवधिभर भक्तजनको स्वस्फूर्त सहयोगले व्यवस्थापनकार्य सहज भएको उनले बताए । भक्तिले अर्पण गरिएको सहयोग नै सबैभन्दा अपूर्व हुने उनको भनाई छ । पाथीभरा लगायतका विभिन्न धार्मिकस्थल समेटिएको पुस्तक छिट्टै प्रकाशन गरी भक्तजनलाई उपलब्ध गराउने तयारी गरिएको उनले बताए ।

धार्मिकअनुष्ठानकै लागि हेटौंडा आइपुगेका सर्वोच्च अदालतका पूर्वन्यायाधीश गौरीबहादुर कार्कीले सहर्ष चण्डी पाठ दिनरात निरन्तर अखण्डरुपमा गरिने भएकाले यसको विशेष धार्मिक महत्व रहेको बताए । यस्तो महायज्ञले आध्यात्मिक ऊर्जा वृद्धिगर्नुका साथै समाजमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिन्छ । पाथीभरा मन्दिर मकवानपुर मात्र नभई देशकै महत्वपूर्ण धार्मिक गन्तव्यकारुपमा विकसित हुँदै गएको उनले बताए । ताप्लेजुङस्थित पाथीभरादेवी मन्दिर पुग्न नसक्ने भक्तजनलाई सहज दर्शनको व्यवस्था गर्ने उद्देश्यले यहाँ पनि मन्दिर स्थापना गरिएको हो । वि.सं. २०६३ चैत्र २२ गते ताप्लेजुङबाट माताको प्रतिमास्वरुप एकशिला, एकत्रिशूल र एककलश ल्याई वि.सं. २०६४ वैशाख १ गते भैरबडाँडामा मन्दिर स्थापना गरिएको थियो ।

हेटौंडा बजारको बुद्धचोक बाट करिब २ किलोमिटर दूरीमा रहेको मन्दिर परिसरबाट हेटौंडा सहरको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ । भैरबडाँडामा रहेको भ्यु टावरबाट राप्तीखोला, आसपासका जंगल र पहाडदेखि तराईसम्मको दृश्य एकै ठाउँबाट हेर्न सकिन्छ । विशेषगरी चैत्र र असोजको नवरात्र, दशैं, शनिबार र मंगलबारका दिन भक्तजनको भीड बढी हुने गरेको बताइएको छ । मन्दिरमा वेदपाठ, गायत्री पुरश्चरण, नवदेवी भागवत, सहर्षचण्डी पाठ तथा कोटीहोम जस्ता धार्मिक अनुष्ठानहरु हुँदै आएका छन् ।


**बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं ।**

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड


# पोखरामा नेपाल जेसीजको काउन्सिलर एकेडेमी



साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/नेपाल जेसीजको आयोजनामा वर्ष सन् २०२६ को काउन्सिलर एकेडेमी शाखा अध्यक्षको भेला पोखरामा सम्पन्न भएको छ ।

पोखरा जेसीजको आतिथ्यतामा भएको कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष जीवन कार्कीको अध्यक्षता रहेको थियो । एकेडेमीमा देशभरका १६७ शाखाबाट अध्यक्षहरु तथा सन् २०२६ का राष्ट्रिय पदाधिकारीको सहभागिता र हेको थियो । कार्यक्रममा सहभागी युवालाई अध्यक्ष कार्कीले 'प्रोजेक्ट संकल्प २०२६' र आफ्नो नेतृत्व अवधारणालाई व्यवहारमा रुपान्तरण गर्दै व्यक्तिगत तथा सामाजिक जीवनमा सफलता हासिल गर्न प्रेरित गरेका थिए । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कार्यक्रमको उद्घाटन गरेका हुन् । उनले युवालाई सही नेतृत्व गर्दै समाज रुपान्तरणमा सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरे ।

कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रदेवी शर्मा, नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक मणिराम लमिछाने, मोती तिमिल्सिनालगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा नेपाल जेसीजका पूर्वराष्ट्रिय अध्यक्ष लालमणि भण्डारीले प्रमुख प्रशिक्षकको भूमिका निर्वाह गरेका थिए । प्रशिक्षकमा राजबाबु शाह, विकलप्रसाद शेरचन, तीर्थ पौडेल, किरण केसी तथा महेश्वर गिरी रहेका थिए । एकेडेमीअन्तर्गत नेतृत्व विकास, व्यक्तित्व अभिवृद्धि तथा सञ्जाल विस्तारसँग सम्बन्धित विविध सत्र सञ्चालन गरिएका थिए ।

सहभागीलाई प्रमाणपत्र तथा सम्मानपत्र प्रदान गर्नुका साथै 'प्रोजेक्ट संकल्प २०२६' अन्तर्गत संकल्प पुरस्कार वितरण गरिएको थियो । समग्रमा, एकेडेमीले युवामा नेतृत्व क्षमता अभिवृद्धि, आपसी समन्वय र सामाजिक उत्तर दायित्वप्रति प्रतिबद्धता सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकले जनाएको छ ।

# जिल्लास्तरीय साइकल दौड प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/नयाँवर्ष २०८३ को अवसरमा हिमालयन राईडर्स सोसाइटी, हेटौंडाले प्रथम जिल्लास्तरीय साइकल दौड प्रतियोगिता सञ्चालन गर्ने भएको छ ।

१२ वर्ष मुनिका बालबालिकालाई लक्षित गरी सञ्चालन गर्न लागिएको प्रतियोगिता चैत्र २८ गते हेटौंडामा हुने सोसाइटीका अध्यक्ष राजु थापामगरले जानकारी दिएका छन् । स्वस्थ जीवनशैली र वातावरण संरक्षणप्रति सचेतना फैलाउने उद्देश्यले प्रतियोगिता गर्न लागिएको थापामगरले बताए । उनका अनुसार प्रतियोगितामा सहभागी हुन इच्छुक बालबालिकाले अनिवार्यरुपमा जन्मदर्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ । मकवानपुर जिल्लाभित्र बसोबास गर्ने बालबालिकालाई प्राथमिकता दिइने उनले बताए ।

अन्य जिल्लाबाट आएर यहाँ बसोबास गरिरहेका बालबालिकाले बसोबास प्रमाणपत्र पेश गर्नुपर्ने व्यवस्था गरिएको छ । सहभागीको जन्ममिति २०७० चैत महिनाभन्दा पछाडि हुनुपर्ने मापदण्ड तोकिएको छ ।

प्रतियोगिताका क्रममा सुरक्षालाई विशेष प्राथमिकता दिँदै हेल्मेट र जुत्तालाई अनिवार्य गरिएको कार्यक्रम संयोजक तथा सोसाइटीका सल्लाहकार विकास बानियाँले बताए । बानियाँका अनुसार खेलअवधिभर अनुशासन पालना गर्नुपर्ने र कुनै प्रकारको दुर्घटना भएमा त्यसको जिम्मेवारी स्वयं खेलाडीमै रहनेछ ।

प्रतियोगितामा सहभागी हुन चाहनेले चैत २५ गते बेलुका ५ बजेसम्म आवेदन फाराम बुझाइसक्नु पर्नेछ । दर्ता शुल्क १ सय ५० रुपैयाँ निर्धारण गरिएको छ । सोही दिन ४५ वर्ष माथिका साइकल राइडरबीचमा तेस्रो मकवानपुर भेट्रान्स साइकल रेस प्रतियोगिता हुने भएको छ । यो प्रतियोगितामा सहभागिता जनाउन मकवानपुरभित्र बसोबास भएकाले मात्र भाग लिन पाउनेछन् । फाराम भर्दा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित ३५० रुपैयाँ दर्ताशुल्क लाग्ने सोसाइटीका कोषाध्यक्ष लक्ष्मीचरण श्रेष्ठले जानकारी दिए ।


**चल अचल सम्पत्ती वा घर-जग्गा भाडामा दिंदा लिंदा अनिवार्य रूपमा सम्झौता गर्ने सम्बन्धी सूचना !**

हेटौंडा उपमहानगरपालिका वडा नम्वर २ मा चल अचल सम्पत्ती वा घर जग्गा भाडामा दिने लिने सबैले अनिवार्य रूपमा ३ पुस्ते पारिवारिक विवरण उल्लेख गरि चल अचल सम्पत्ती वा घर जग्गा भाडा सम्झौता गरेर मात्र दिन लिन हुन सरोकारवाला सबैमा यो सूचना प्रकाशन गरिएको छ । सम्झौता नगरी भाडामा लिने दिने गरेको पाईएमा वा यस सम्बन्धमा कुनै समस्या आई परेमा सम्बन्धीत व्यक्ति नै जिम्मेवार हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिन्छ ।

हेटौंडा उपमहानगरपालिका
२ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर










साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना